# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. ०७**

**निवेदक/वादीको नाम, थर, ठेगाना**

कृष्णकान्त गौतमको बुहारी दिवाकर गौतमकी पत्नी ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ४ बस्ने वर्ष ५६ की जमुना गौतम........................................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

बलभद्र अधिकारीकोनाति रामकृष्ण अधिकारीको छोरा काठमाडौं जिल्ला मच्छेगाउँ वडा नं. ९ को परिवर्तित चन्द्रागिरि नगरपालिका वडा नं.९ बस्ने वर्ष ७१ को गोपिकृष्ण अधिकारी....१

**वादीको साक्षी**

क) ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.४ बस्ने वर्ष ४६ की शान्ता लम्साल पौडेल ............................................१

ख) काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. २ बस्ने वर्ष ४६ को देवेन्द्र लम्साल उपाध्याय ............................१

**प्रतिवादीको साक्षी**

क) काठमाडौं जिल्ला मच्छेगाउँ ९ को परिवर्तित चन्द्रागिरि नगरपालिका वडा नं. ९ बस्ने बर्ष ३० को नवराज अधिकारी .............१

ख) का.जि. किर्तिपुर नगरपालिका वडा नं. ४ बस्ने वर्ष ५१ को हरि बहादुर वस्नेत .....१

**कागज प्रमाण**

क) स्थलगत फोटो थान .........................२

ख) सम्पति/मालपोत तथा भूमिकर रसिदको फोटोकपी थान ................................१

ग) नागरिकता प्रमाण पत्रको फोटोकपी थान.१

घ) नक्शाको फोटोकपी थान ....................२

ङ) ज.ध.प्र.पूर्जाको फोटोकपी थान ............१

**कागज प्रमाण**

क) नागरिकता प्रमाणपत्रको फोटोकपी थान ............................................. १

न्यायिक समितिबाट बुझेको साक्षी .................

**प्रमाणहरू :**

१) नापी कार्यालय कलंकीबाट च.नं. १६५१ पत्र सहित सक्कलै फिल्ड प्रतिवेदन थान ..२

**मुद्दा : परापूर्वकालदेखि चलिआएको बाटो बन्द गरेकोले खुलाई पाऊँ ।**

मु.नं. : १३/२९ दर्ता मिति : २०७८/०६/०८

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१) निवेदक जमुना गौतमको नाउँमा मालपोत कार्यालय, कलंकीमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको साविक काठमाडौं जिल्ला मच्छेगाउँ गा.वि.स. वडा नं. ७ङ को हाल चन्द्रागिरि नगरपालिका वडा नं. ९ को कि.नं. १७६ को क्षेत्रफल १९०.७८ वर्ग मिटर जग्गा मिति २०६५/०६/०६ मा खरिद गरी लिएदेखि निरन्तर भोगचलन गरी आएकी छु। जग्गामा जान आउनको लागि उत्तर तर्फको विपक्षीको कि.नं. १७५ को पूर्वतर्फबाट नक्सा ट्रेशमा प्रस्ट रहेको परापूर्वकालदेखि चलिआएको चलनचल्तीको बाटो बाँसको घेराबेरा हाली बन्द गरी विपक्षीले आफ्नो जग्गामा घुसाई, च्यापी जग्गामा मिसाई कम्पाउण्ड वाल लाउने मनसाय राखि कब्जा गरेको अबस्था छ । मुलुकी देवानी संहिता, २०७४ को दफा ३०० (१) (क), ३०४(२), ३०६(१), ३१०, ३१३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) र उपदफा (४) बमोजिम विपक्षीलाई झिकाई बन्द गरेको सार्वजिनिक बाटो खुलाई बाटो कायम गरी गराई विपक्षीलाई हदै सम्मको सजाय समेत गरी पाऊँ भन्ने व्यहोराको वादीको उजुरी दावी ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

१) विपक्षीले उजुरीदावी लिए जस्तो आवत जावतमा मैले अवरोध सिर्जना गरेको छैन । हदम्याद सवालमा स्पष्टता मिति उल्लेख नभएको छुट्टा छुट्टै ऐनको आधार लिएको र स्पष्ट मागदावी नभएमो अधिकारक्षेत्र कुन भन्ने एकिन नभएको हदम्यादमा एकरुपता नभएको फरक फरक प्रकृया आधार लिई दायर भएकोले बदर हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिउत्तरपत्र प्रतिवादीको प्रतिउत्तर जिकिर ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

नापी नक्सामा कि.नं. १७५ र १७६ को पुर्वीतर्फबाट बाटो रहेको प्रष्ट देखिन्छ भने स्थलगत फोटोले खेतको आली भएर आवत जावत गरेको दखिन्छ ।

नापी कार्यालय, कलंकीको च.नं. १६५१ मिति २०७९/०१/११ पत्र सहितको फिल्ड प्रतिवेदनमा जिल्ला काठमाडौं गा.वि.स. मच्छेगाउँ वडा नं. ७ङ नक्सामा रहेको कि.नं. ७६२ को दक्षिण पशिचम कुना र कि.नं. १७७ को उत्तर पशिचम कुनालाई आधार लिई जापजाँच गर्दा नक्साको पूर्व तर्फ

रहेको बाटो कि.नं. १७६ र १७५ को पुर्वी साँधमा हुनुपर्ने नापजाँचबाट समेत प्रष्ट रुपमा रहेको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

नेपाली नगरिकता प्रमाण पत्रको फोटोकपि राखेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीको कानुनी व्यवसायी उपस्थित नभएता पनि वादीले नै मैले मिति २०६५/०६/०६ मा जग्गा पास गरेर लिनु भन्दा अगाडी नक्सा अनुसारको बाटै बाटो आवत जावत सहित नापजाँच गरी नक्सा, श्रेष्ता र पूर्जा बमोजिमको फिल्ड एकिन गरी बाटो निश्चित भई सो मिति पछि निरन्तर रुपमा तिरो, भोग र जोत रहेकोमा कुनै विवाद नरहेको भनि राख्नु भएको कुरा सुनियो ।

विपक्षीले कानुन व्यवसायी राख्नु भएको छैन नक्सा अनुसारको बाटोमा विवाद नरहेको उक्त बाटो हाल प्रयोग नगरेकोमा बन्द जस्तो देखिएतापनि नापी नक्सा बमोजिम सम्पूर्ण बाटो नियमित रुपमा सुचारु हुने गरी खुलाएमा कुनै विमति नरहेको भनि राख्नु भएको कुरा सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

पक्षहरू विचमा कि.नं. १७५ र १७६ नापी नक्साको पुर्व तर्फ रहेको बाटो सार्वजनिक बाटो हो, होइन ? भन्ने विषय फरक परेको देखिन आयो ।

## निर्णय खण्ड

प्रस्तुत विवादको सम्बन्धमा नियमित पेशी सूचिमा चढि इजलाश समक्ष पेश हुन आएको परापूर्वकालदेखि चलिआएको बाटो बन्द गरेकोले सार्वजनिक बाटो खुलाउनु पर्ने हो होइन भन्ने कुरामा पक्षहरू बीच मुख मिलेको नदेखिदा साविक काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. ७ङ को कि.नं. १७५ र १७६ नापी नक्साको पुर्व तर्फ रहेको सार्वजनिक बाटोमा बाँसको बारलगाई आवागमनमा प्रभावित भई नियमित गराउन बाँसको अवरोधलाई हटाई कि.नं. १७५ र १७६ पुर्वतर्फ भएर रहेको सर्वजनिक बाटोको निरन्तर सुचारु गर्नुपर्ने हो होइन भनि निर्णयमा पुग्नुपर्ने देखिन आयो । प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) बमोजिम यसै न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेकोमा मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ को देहाय (ख), ३००(१) को देहाय (क), ३०६(१) र ३१३ तथा नापी कार्यालय, कलंकीको च.नं. १६५१ मिति २०७९/०१/११ पत्र सहितको फिल्ड प्रतिवेदनमा जिल्ला काठमाडौं गा.वि.स. मच्छेगाउँ वडा नं. ७ङ नक्सामा रहेको कि.नं. ७६२ को दक्षिण पश्चिम कुना र कि.नं. १७७ को उत्तर पश्चिम कुनालाई आधार लिई जापजाँच गर्दा नक्साको पुर्व तर्फ रहेको बाटो कि.नं. १७६ र १७५ को पुर्वी साँधमा हुनुपर्ने नापजाँचबाट समेत प्रष्ट रुपमा रहेको देखिन्छ भनि प्रतिवेदनमा उल्लेख भई प्राप्त भएको र विपक्षीले सम्मानित इजलाश समक्ष स्वीकार गरी साविक देखि स्थानीयले निर्वाद रुपमा आवतजावत गरी आएको र सम्पूर्ण बाटो खोल्नमा सहयोग गर्ने भनि बचनबद्धता जनाएकोबाट पनि सार्वजनिक बाटोको प्रयोग गर्न पाउने सर्वसाधारणको हक अधिकार कानुनी रुपमा नै प्रस्ट रहेको हुँदा सार्वजनिक सरकारी कित्तामा निर्माण गरेको बाँसको

बार हटाउने र हटाउँदा लाग्ने सम्पूर्ण खर्च संरचना धनिबाट नै व्यहोर्न लगाउने। नापी कार्यालय कलंकीको प्रतिवेदन र नापी नक्सा बमोजिम नक्सामा प्रस्ट देखिएको बाटो मास्ने, च्याप्ने, मिचि घुसाई अतिक्रमण गरी लोप गर्न नमिल्ने देखिदा सर्वसाधारणले सार्वजनिक बाटोको रुपमा सहज हिँड्डुल गर्न पाउने निर्णय गरियो। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसिल खण्ड**

(क) विपक्षीलाई यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ५१ बमोजिम ३५ दिने म्याद प्रतिवादीलाई काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु। ............................................................ १

(ख) अतिक्रमण गरी सार्वजनिक बाटोमा बाँसको बार निर्माण गरेको बार हटाउन लाग्ने सम्पूर्ण खर्च कि.नं. १७५ को जग्गा धनिबाट भराई हटाउनु। ............................................ २

(ग) सार्वजनिक सरोकारको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु। ............................................................ ३

(घ) महानगरिय प्रहरी वृत्त थानकोटबाट आवश्यक भएमा सुरक्षाकर्मी उपलब्ध गराउन निर्णयको प्रतिसहित जानकारी गराउनु। ............................................................ ४

(ङ) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु। ............................................................ ५

(च) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु। ... ६

२०७९।०६।२६

**न्यायिक समितिका**

संयोजक श्री बसन्ती श्रेष्ठ

**सदस्य** २०७९।०६।२६

श्री सीता मण्डल सत्याल

२०७९।०६।२६ **सदस्य**

श्री रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बतौला शर्मा

इति सम्वत् मिति २०७९ साल असोज महिना २६ गते रोज ०४ शुभम् ..............................